# जनकपुरधाम उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

फोन नं. ५२०५२०, ५२०१४६
फ्याक्स नं. ५२०५१०
Web Site:- janakpurmun.gov.np


पत्र संख्या :- २०७८/०७९
चलानी नं.:- १०३-८६

## कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना
### सूचना : १/ सा.वि.म.शा.- ०७८/०७९

**(प्रथम पटक सूचना प्रकाशन मिति :२०७८।१२।१८ गते)**

प्रस्तुत विषयमा यस उप महानगरपालिका अन्तर्गत चालु आ.व. २०७८/०७९ को **"बहुक्षेत्रीय पोषण योजना"** कार्यक्रम अन्तर्गत **"महिला सहकारी वित्तिय अनुदान"** परिचालन गर्नु पर्ने भएकोले ईच्छुक **महिला सहकारी तथा समुह**ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही तोकिएको ढाँचामा प्रष्ताव सहित संस्थागत कागजात राखि यस कार्यालयको **सामाजिक बिकास शाखा**मा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. समूह वा संस्थाको निवेदन (प्रतिबद्धता) र बैठकको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
२. सहकारी भए साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपि र COPOMIS (Co-operative & Poverty Management Information System) संचालन गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३. समूह वा सहकारी संस्था दर्ताको अधावधिक नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. आर्थिक वर्ष २०७७/०७८ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. प्रस्ताव अनुसार काम गर्न सक्षम रहेको व्यहोरा खुल्ने प्रमाणहरु अनिवार्य रुपमा संलग्न राखि पेश गर्नु पर्नेछ ।
६. प्रस्तावदाताले आफ्नो सहकारी संस्था वा समूह कालोसूचीमा नपरेको भनी उल्लेख भएको स्वयं घोषणा पत्र पेश गर्नु पर्नेछ ।
७. प्रस्तावदाता सहकारी संस्था वा समूह यस कार्यालयमा सूचीकृत भएको हुनु पर्नेछ ।

**प्रस्ताव छनौटका आधारहरु :**

१. स्थानीय तहभित्र रहेको दलित तथा जनजाती समूहमा क्रियाशील साबिक महिला बिकास कार्यक्रमवाट प्रबर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घरपरिवारलाई फाईदा पुग्ने सहकारी तथा समूह भएको हुनु पर्नेछ ।
२. सहकारीहरु नभएमा सोही प्रकृतिका साबिक महिला विकास कार्यक्रमवाट प्रबर्द्धित महिला समूह, कृषक समूह वा स्वास्थ्य आमा समूह ।
३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यवसाय संचालन गरिने प्रस्ताव ।
४. बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुँने प्रतिबद्धता भएका प्रस्ताव ।
५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ ।

१२।१८
..............................
प्रद्युम्न प्रसाद उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- १

दफा ५ को उपदफा २ सँग सम्बन्धित

प्रस्तावको ढाँचा

सहकारी वा समूहको नामः

ठेगानाः

दर्ता भएको मितिः दर्ता भएको कार्यालयः दर्ता नं:

सहकारी वा समूहको भौगोलिक क्षेत्र/ कार्य क्षेत्र :

सहकारी वा समूहको कार्य प्रकृति : (जस्तै: कृषि, बचत तथा ऋण ...)

सहकारी वा समूह सदस्य संख्या :

कार्य समिति सदस्य विवरण

सहकारी वा समूहको गत ३ आर्थिक वर्षको आय व्ययको विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका जनसाङ्ख्यिक विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका खाद्य सुरक्षाको अवस्था विवरण :

अनुदानबाट लाभ पाउने अनुमानित विवरण:

| क्र.सं. | लगानीको क्षेत्र | संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | |
| १. | तरकारी खेती | संख्या | जम्मा | | |
| २. | बाख्रापालन | | | | |
| ३. | जडीबुटी उत्पादन, प्रशोधन | | | | |
| ४. | स्थानीय खाद्य उत्पादन, प्रशोधन | | | | |
| ५ | कुखुरा पालन | | | | |
| ६ | अन्य | | | | |
| | जम्मा | | | | |

**प्रस्तावित बजेटः**

हस्ताक्षरः

नामः

पदः

हस्ताक्षर

नामः

पदः

प्रमुख प्रशासकीय अधिकृत